## प्रधानाध्यापक छनौट सम्वन्धी कार्यविधि, २०७८

पाँचखाल नगरपालिका, पाँचखाल, काभ्रे

नगर प्रमुखबाट स्वीकृत मिति:२०७८/०४/२८

शिक्षा नियमावलि २०५९, आठौं संशोधन २०७१ को परिच्छेद १७ मा उल्लेख गरिएको प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्थालाई सरलीकृत गरी नगरपालिकामा मौजुदा जनशक्तिबाट प्रधानाध्यापक छनौट गर्न पाँचखाल नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा ५७ उपदफा २(थ) ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले प्रधानाध्यापक छनौट सम्वन्धी कार्यविधि, २०७८ जारी गरेको छ ।

### परिच्छेद: एक

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ:**

१.१) यो कार्यविधिको नाम प्रधानाध्यापक छनौट सम्वन्धी कार्यविधि, २०७८ रहेको छ ।

१.२) यो कार्यविधि नगरप्रमुखले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले पाँचखाल नगरपालिकाको शिक्षा ऐन २०७६ सम्झनु पर्छ ।

(ख) "नियमावली भन्नाले" संधीय शिक्षा नियमावली २०५९ सम्झनु पर्छ ।

(ग) "शाखा" भन्नाले पाँचखाल नगरपालिका अन्तर्गतको शिक्षा शाखा सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले पाँचखाल नगरपालिका सम्झनु पर्छ ।

(ङ) ब्यवस्थापन समिति भन्नाले सार्वजनिक वा सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(च) शिक्षा अधिकृत भन्नाले शिक्षा सेवा समूहको अधिकृत सम्झनु पर्छ र सो शब्दले विद्यालय निरीक्षक समेतलाई जनाउने छ ।

(छ) "विद्यालय" भन्नाले विद्यमान ऐन, नियम बमोजिम स्थापना भई सञ्चालनमा रहेका अनुमति प्राप्त वा स्वीकृति प्राप्त सार्वजनिक वा सामुदायिक विद्यालयहरु सम्झनु पर्छ ।



महेश खरेल
नगर प्रमुख

(ज) प्रधानाध्यापक भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारि तोकिएको शिक्षक सम्झनु पर्दछ ।

## परिच्छेद: दुई

## प्रधानाध्यापकको योग्यता

३. विद्यालय सञ्चालनमा रहेको तह अनुसार प्रधानाध्यापकको योग्यता तपसिल बमोजिम हुने छ:

३.१ आधारभूत तह(१-५) सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सोही तहमा कार्यरत स्थायी शिक्षक

३.२ आधारभूत तह(१-८) सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सोही तहमा कार्यरत स्थायी शिक्षक

३.३ माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षक

तर शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ ।

४. दफा ३ को उपदफाहरुमा जेसुकै कुरा उल्लेख भएता पनि विद्यालयमा सो योग्यता पुगेको शिक्षक उपलब्ध हुन नसकेमा र नगरपालिकाले योग्यता पुगेको शिक्षकको पदपुर्तीको व्यवस्था गर्न नसकेमा विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये उच्चतम तह र श्रेणीमा कार्यरत तथा उच्चतम योग्यता भएको शिक्षक प्रधानाध्यापकको उम्मेदवार हुन पाउने छ ।

५. प्रधानाध्यापकको उम्मेदवार हुने व्यक्ति शिक्षकको पेशागत संघ संगठनहरु बाहेक अन्य कुनै संघ संस्थाहरुको अध्यक्ष, सदस्य वा नेतृत्वदायी भूमिकामा रहेर काम गरिरहेको हुन हुने छैन ।

## परिच्छेद: ३

## प्रधानाध्यापक छनौट र नियुक्ति प्रकृया

६. व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि परिच्छेद २ मा उल्लेख गरिएको योग्यता पुगेका शिक्षकहरु मध्येबाट विद्यालय विकास प्रस्ताव सहित १५ दिनको सूचना दिई दरखास्त आव्हान गर्नेछ ।

७. दफा ६ बमोजिम दरखास्त आव्हान भएमा तोकेको म्यादभित्र विद्यालय विकास प्रस्ताव र निर्धारित योग्यताको सर्टिफिकेट सहित व्यवस्थापन समिति समक्ष शिक्षकले दरखास्त दिन सक्नेछ ।

८. दफा ७ बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले प्रधानाध्यापक छनौट समिति समक्ष पठाउनेछ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

महेश खरेल
नगर प्रमुख

९. दफा ७ बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि प्रधानाध्यापक छनौट समितिले अनुसूची–१ मा उल्लिखित आधारमा मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नु पर्नेछ । तर साठी अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

१०. दफा ९ बमोजिम सिफारिस प्राप्त भएमा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि आवश्यक कागजात सहित नगरपालिकामा लेखी पठाउनु पर्नेछ ।

११. दफा १० बमोजिम लेखी आएमा नगरपालिकाले निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी पन्ध्र दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

१२. प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

१३. प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित शिक्षा अधिकृतले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा नगरपालिकाले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्नेछ ।

१४. दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

१५. विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ ।

## परिच्छेद: ४

## प्रधानाध्यापक छनौट समिति

१६. सामुदायिक विद्यालयको प्रधानाध्यापक छनौटको लागि तपसिल बमोजिमको छनौट समिति रहने छ:

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) व्यवस्थापन वा मूल्यांकन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी कुनै पनि सरकारी वा गैर सरकारी क्षेत्रको अधिकृत स्तरमा कम्तिमा ५ वर्ष सेवा गरेका ब्यक्तिबाट २ जना - सदस्य

(ग) नगरपालिकाको शिक्षा अधिकृत - सदस्य

१७. प्रधानाध्यापक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहने छ ।



पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

Maheshkharel
महेश खरेल
नगर प्रमुख

## परिच्छेदः ५

## प्रधानाध्यापकको सेवा सुविधा तथा सर्तहरु

१८. सामुदायिक विद्यालयका प्रधानाध्यापकले देहाय बमोजिमको मासिक प्रअ भत्ता पाउने छन्:

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकले – पाँच सय रूपैयाँ

(ख) आधारभूत तह(१-८) सञ्चालित विद्यालयको प्रधानाध्यापकले – तीन सय रूपैयाँ

(ग) आधारभूत तह(१-५) सञ्चालित विद्यालयको प्रधानाध्यापकले – दुई सय रुपैयाँ

१९. परिक्षेद २ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्नेछ ।

२०. प्रधानाध्यापकको उम्मेदवार हुने शिक्षकले यस कार्यविधि बमोजिम व्यवस्थापन समिति समक्ष पेश गर्ने विद्यालय विकास प्रस्ताव अनुसूची–२ को ढाँचामा तयार गर्नु पर्नेछ ।

२१. यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको शैक्षिक योग्यता पूरा गरी यो बखत कार्यरत प्रधानाध्यापकले व्यवस्थापन समिति मार्फत प्रधानाध्यापक छनौट समितिमा पेश गरेको विद्यालय विकास प्रस्ताव स्वीकृत भएमा निज नियुक्ति हुँदाका बखत तोकिएको शर्तको अधीनमा रही दफा १२ बमोजिमको अवधिसम्म प्रधानाध्यापक पदमा कायम रहनेछ ।

## परिच्छेदः ६

## प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार

२२. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालयमा उपयुक्त भौतिक, वातावरणीय तथा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न शिक्षक अभिभावक तथा विद्यार्थीहरुको आचारसंहिता बनाई लागु गर्ने,

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

Maheshkharel

महेश खरेल
नगर प्रमुख

(घ) विव्यस, शिक्षक अभिभावक संघ तथा शिक्षकहरुसँग परामर्श गरी विद्यालयको वार्षिक मासिक तथा दैनिक योजनाहरु निर्माण गर्ने, योजना बमोजिम कार्यक्रम सञ्चालन भए नभएको निरीक्षण गरी सुधारका उपायहरु अवलम्वन गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन र नियन्त्रण, विद्यार्थी भर्ना, परीक्षा सञ्चालन, नतिजा प्रकाशन गर्ने, विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(छ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने, नियमित रुपमा IEMIS अध्यावधिक गर्ने,

(ज) कुनै शिक्षकले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(झ) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ञ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख माथिल्लो निकायले हेर्न चाहेमा देखाउने,

(ट) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन नगरपालिका तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ठ) शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति नगरपालिका तथा शिक्षा विकास तथा समन्वय ईकाइमा सिफारिस गर्ने,

(ड) महिनामा कम्तीमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(ढ) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

(ण) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई आवश्यक कार्यवाही गर्ने,

(त) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(थ) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने, राख्न लगाउने र तोकिएको समयमा सामाजिक परीक्षण तथा नगरपालिकाबाट नियुक्त गरिएको लेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण गराउने, आर्थिक पारदर्शीता र सुशासन कायम गर्ने,

(द) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

महेश खरेल
नगर प्रमुख

(ध) विद्यालयमा दैनिक रुपमा तोकिएको रुटिन बमोजिम पुरा समय सकृय रुपमा अन्तर्कृयात्मक विधिबाट कक्षा लिने तथा लिन लगाउने,

(न) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने,

(प) शिक्षा विकास तथा समन्वय ईकाइ, नगरपालिका तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने गराउने,

(फ) विद्यालयमा संघ, प्रदेश तथा नगरपालिकाबाट परेका योजनाहरु प्रचलित आर्थिक कार्यविधि ऐन, नियमहरुको अधिनमा रही सम्पन्न गर्ने र त्यसको अभिलेख सम्बन्धित निकायमा पेश गर्ने

(ब) शिक्षणमा आधुनिक प्रविधि, प्रयोगात्मक तथा सकृय विधीहरुको प्रयोग गर्नुको साथै विद्यार्थीको सिकाईलाई ब्यवहारिक, दीगो र प्रतिस्पर्धी बनाउन कक्षा अवलोकन तथा पृष्ठपोषणलाई जोड दिने ।

## परिच्छेद: ७

## विविध

२३. कार्यविधिमा उल्लेख भएका विषयवस्तुहरुमा कुनै द्विविधा भएमा पाँचखाल नगरपालिका शिक्षा यूवा तथा खेदकुल शाखामा सम्पर्क राख्न सकिने छ ।

२४. यो कार्यविधि नगरप्रमुखबाट स्वीकृत भएपछि लागु हुने छ ।

२५. प्रधानाध्यापक छनौटका लागि हुने खर्चको व्यवस्थापन विद्यालयले गर्नुपर्ने छ ।

२६. छनौट प्रकृयामा वैधता तथा विश्वासनीयता कायम गर्नका लागि नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत तथा शिक्षा शाखा प्रमुखबाट अनुगमन गर्न सकिने छ ।

<u>अनुसूचीहरु:</u>

## अनुसूची: १

## प्रधानाध्यापक छनौटको लागि मूल्याँकनका आधारहरु

१. शैक्षिक योग्यता:

| | |
|---|---|
| (क) न्यूनतम शैक्षिक योग्यता: | १५ |
| (ख) माथिल्लो शैक्षिक योग्यता: | १० |
| २. शिक्षण अनुभव: | २५ |



पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

Maheshkhrel
महेश खरेल
नगर प्रमुख

| | |
|---|---|
| ३. तालीम: | |
| (क) शैक्षिक तालीम: | १० |
| (ख) विद्यालय व्यवस्थापन तालीम: | २ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा: | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | |
| (क) विद्यालय विकास प्रस्ताव: | १० |
| (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण: | ४ |
| ६. नेतृत्व लिने क्षमता | |
| (क) नगर शिक्षा प्रमुखको मूल्यांकनबाट: | ५ |
| (ख) व्यवस्थापन समितिको मूल्यांकनबाट: | ५ |
| (ग) सम्बन्धित विद्यालयका शिक्षकहरूको मूल्यांकनबाट: | २ |
| | जम्मा: १०० |

## अनुसूची: २

## विद्यालय विकास प्रस्ताव ढाँचा

कभर पेज

भूमिका

विषय सूची

१.विद्यालयको पृष्ठभूमी

२. विद्यालय विकास योजनाको औचित्य

३. विद्यालयको दूरदृष्टि

४. विद्यालयको प्रमुख लक्ष तथा उद्देश्य

५. विद्यालय विकास र सुधारको लागि गरिने प्रमुख क्रियाकलापहरु

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल



महेश खरेल
नगर प्रमुख

६. विद्यमान अवस्था

क. भौतिक पक्ष:  भवन, खानेपानी, शौचालय, फर्निचर, प्रयोगशाला, पुस्तकालय, जग्गा, कम्पायण्ड आदि।

ख. शैक्षिक पक्ष:  शिक्षक, विद्यार्थी, शैक्षिक कार्यक्रम, सह तथा अतिरिक्त क्रियाकलाप, उपलब्धी विश्लेषण

ग. आर्थिक पक्ष वा स्रोत परिचालन

घ. विद्यालय समुदाय सम्बन्ध

७. विद्यालयका प्रमुख समस्या तथा चूनौतीहरु

८. समस्याको प्राथमिकीकरण

९. समाधानका रणनीति वा कार्यहरू(विकासका पक्षहरुलाई विस्तृतीकरण गरि प्रस्तुत गर्ने)

| क्रंसं | विद्यालय विकासका पक्षहरु | सवल पक्षहरु | विद्यमान प्रमुख समस्या तथा चूनौतिहरु | समस्या समाधानका तत्कालिन योजना |
|---|---|---|---|---|
| १ | विद्यालयसंग सम्वन्धित योजना निर्माण (वार्षिक कार्ययोजना, शैक्षणिक योजनाहरु, खेलकुद, अतिरिक्त क्रियाकलाप, विद्यालय वातावरण र सरसफाई, कक्षाकोठा व्यवस्थापन, आदि) | | | |
| २ | स्रोत व्यवस्थापन(वित्तीय, लेखा प्रणाली, मानवीय, सूचना प्रविधि, विषयगत ल्याव व्यवस्थापन र प्रयोग आदि) | | | |
| ३ | विविधता व्यवस्थापन(लिंगीय,  जातीय,  भाषिक, वौद्धिक क्षमता आदि) | | | |
| ४ | समन्वय र सहकार्य(शिविसई, शिमास्रोविके, प्रदेश शिक्षा निर्देशनालय,  नगरपालिका,  विव्यस,  शिअसं, अभिभावक,  विद्यार्थी,  वडा कार्यालय,  स्थानीय वा अन्य सरकारी/गैर सरकारी संघ संस्थाहरु,  विषयगत विज्ञ स्रोतव्यक्तहरु,  स्थानीय अगुवा/बुद्धिजीविहरु आदि) | | | |
| ५ | शैक्षणिक व्यवस्थापन(शैक्षिक सामग्री, विद्यार्थीहरुको निरन्तर र आवधिक मूल्यांकन, नतिजा विष्लेशण र | | | |



पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

महेश खरेल
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | अभिभावकलाई जानकारी/अन्तर्कृया, पाठ्यक्रम कार्यान्वयन र सन्दर्भ सामग्रीको प्रयोग , विद्यार्थी केन्द्रित र क्रियाकलापमा आधारित शिक्षण सिकाई, शिक्षकले कक्षाकोठामा विताउने समय आदि) | | | |
| ६ | अन्य | | | |

१०. विद्यालयको अपेक्षित उपलब्धि र यथार्थ उपलब्धि विचको अन्तर

| क्रसं | प्रमुख सूचकहरु | अपेक्षित उपलब्धि | यथार्थ उपलब्धि | उपलब्धिको अन्तर र बस्तुस्थितिको विश्लेषण |
|---|---|---|---|---|
| | | | | |

११. अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्य योजना र मूल्यांकनका सूचकहरु(आगामी ५ वर्षका लागि सुधारका क्षेत्रहरु र लक्ष्य निर्धारण)

| क्रसं | अपेक्षित नतिजा सूचक | लक्ष्य निर्धारण | प्रमुख कार्यहरु | कार्य प्रकृया | समयावधि | स्रोतको पहिचान र परिचालन | उपलब्धि मूल्यांकनका सूचकहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१२. सम्भावित उपलब्धीको समीक्षाः लाभान्वित पक्ष र लाभको विवरण

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

महेश खरेल
नगर प्रमुख